DAILY NEWSLETTER

As of FEB 3, 2026

सर्वगुण Investor's Club..

A Comprehensive Technical Analysis by SARBAGUNA INVESTMENT

2700 माथि टिक्न नसक्दा नेप्से रातो क्यान्डलमा बन्द

नेप्से सूचक आजको कारोबारमा १२ अंकले घट्दै रातो क्यान्डलमा बन्द भएको छ। बजार २६८३ अंकमा बन्द हुँदा कुल कारोबार रकम करिब ८ अर्ब रुपैयाँ पुगेको छ, जसले बजारमा सक्रिय सहभागिता रहे पनि दबाब कायम रहेको संकेत गर्छ।

कारोबार अवधिभर नेप्सेले २७०० को मनोवैज्ञानिक तह माथि टिक्न असफल रह्यो। सुरुवाती चरणमा माथिल्लो स्तरमा टिक्ने प्रयास भए पनि क्रमशः बिक्री दबाब बढ्दै गयो र सूचकले Lower Low को संरचना बनाउँदै तलतिर झरेर बन्द भयो, जसले अल्पकालीन कमजोरी देखाउँछ।

प्राविधिक विश्लेषण

20D MA	वजार २०D MA भन्दा Above छ ।
MACD	नेप्सेमा हाल MACD मा buying (Weak) देखिएको छ ।
RSI	RSI 51 पुगेको देखिन्छ ।

Support	2660-2530
Resistance	2690-2680

२७०० माथि टिक्न नसक्नुले बजारमा नाफा बुकिङ हावी रहेको र लगानीकर्ता अझै सतर्क अवस्थामा रहेको संकेत दिन्छ। पर्याप्त कारोबार हुँदाहुँदै पनि उच्च मूल्यमा खरिद गर्ने आत्मविश्वास कमजोर देखिएको छ, जसका कारण विक्रेताहरू हाबी भए।
प्राविधिक रूपमा हेर्दा, Lower Low को निरन्तरता ले बजारलाई सुधारात्मक (Corrective) चरणमा राखेको देखिन्छ। तत्कालका लागि २६६०–२६७० क्षेत्र समर्थनको रूपमा रहेको छ भने बजारमा पुनः सकारात्मक गति आउन २७०० माथि मजबुत ब्रेकआउट आवश्यक देखिन्छ।

समग्रमा, आजको कारोबारले बजारमा पर्ख र हेर (Wait and Watch) को अवस्था झल्काएको छ, जहाँ आगामी दिशाका लागि लगानीकर्ताहरू समर्थन तह र कारोबारको चाललाई नजिकबाट नियालिरहेका छन्।